नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

कोहलपुर, बाँके

**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम यस कार्यालयबाट सिलबन्दी बोलपत्रद्वारा विभिन्न मालवस्तु लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना**

**सूचना प्रकाशित मिति २०७७/०३/३० गते**

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने भएकाले इच्छुक फर्म, कम्पनी तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । आफुले कबोल गरेको रकमको १०% ले हुने धरौटी बापतको रकम राष्ट्रिय वाणिज्य बैंक नेपालगन्ज बाँकेमा रहेको को.ले.नि.का. बाँकेको धरौटी खाता नं. ४१३०२०३०००००० मा कार्यालय कोड नं.३०१०५५७०१ उल्लेख गरी जम्मा गरी सोको एक प्रति सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना राजस्व अनुसन्धान विभागको वेब साइट **www.dri.gov.np** मा हेर्न सकिने छ ।

| क्र.स. | सूचना दर्ता नं. | मालवस्तुको विवरण | मूल्याङ्कन समितिले कायम गरेको मूल्य (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | २२-०७३/०७४ | ग्याँस चुलो- १६ थान | रु.12,825/- |
| २ | ५१-०७३/०७४ | रातो गोलाकार टोपी- ४९० थान र टिसर्ट-५५ थान | रु.11,400/- |
| ३ | 26-075/076 | रिचार्ज सादा- 317.5 के.जी, मछलि मिठा सुपारी- 232.5 के.जी, सुपरपावर सुर्ती- 46.8 के.जी, सेल्फी जर्दा वाला- 25.5 के.जी. | रु. 5,२0,१98/- |
| 4 | ४२-०७५/०७६ | साईकल पुरानो २ थान | रु.900/- |
| 5 | 46-075/076 | स्टीलको भाडा-५५ के.जी., पित्तलव्रस भाडा-7.9 के.जी., आल्मुनियम भाडा-२८ के.जी., स्टीलको भाडा-11.3 के.जी., फलामको तावा-7.9 के.जी. | रु. 38,247/- |
| 6 | 47-075/076 | त्रिपाल-१८ के.जी., पोलिष्टर तन्ना कपडा-75.4 मिटर, पोलो तन्ना-32 पिस, रजाई खोल-35 पिस, कुर्ता सुरवाल-10 पिस, व्याग मिडियम-११ पिस, व्याग सानो ७ पिस, सिरानी खोला-20 पिस | रु. 40,142.9/- |
| 7 | 48-075/076 | Electrod-१ थान, Web IP-२ थान, Ethernet-३ थान, Ethernet 1.5-८ थान, Oguage Copper Conductor-65.5 मिटर, Tielock 300m-100 वटा, Ethernet (1m) -३५ वटा | रु. 5,62,211।48 |
| 8 | १६-०७६/०७७ | केराउ - ३२५० के.जी. | रु.1,46,250/- |
| 9 | १८-०७६/०७७ | Sima London Stick चकलेट-26.4 के.जी., T-Con Gold चकलेट-१५.१ के.जी., नरिवल मिठाई-34 जार, T-Con Gold जार-6.13 के.जी., मिठो पाउ इमली-9.36 के.जी., ललिपप जार-10.2 के.जी., मिठाई आइसक्रिम-5 के.जी., Trumph Vanilla चकलेट-3.5 के.जी., Silopren LSR दूधदानी-54 पिस, प्लास्टिकको खेलौना -2 के.जी., LED Tourch-123 पिस, डटपेन Memo Ball Pen-50 दर्जन, Doodle class डटपेन-41.3 दर्जन, Cello Tape सेतो-11 के.जी., Tooth Brush-33 दर्जन, सिलाई धागो-5 के.जी., Handy Plast Bandage-16 डिब्बा, Eraser-8.5 दर्जन, PBC Tape कालो-7 के.जी., काइयो-43 दर्जन, तास-1.5 दर्जन, Blade Normal-98.2 दर्जन, लाइटर-1000 पिस, Everready Battery Big-80 पिस, Everready Battery small-600 पिस, NW Battery big-300पिस, NW Battery small-240 पिस, ताल्चा ४२ mm-100 पिस, ताल्चा 62 mm-33 पिस, ताल्चा 50mm-12 पिस, रेजर सेभिङ्ग-11 दर्जन, रेजर सेभिङ्ग राम्रो-10 पिस, नेलकटर-13 दर्जन, सानो नेलकटर-18 दर्जन, शु पालिस चेरी-2 दर्जन, पेन्सिल कटर-30प्याकेट, कैंची सानो-9 पिस, पेन्सिल-24 दर्जन, मेहन्दी-3 के.जी., पूजा श्रृँगार आइटम-3 के.जी., पूजा बत्ती धागो-8.5 के.जी, र Zips-240 पिस | रु.1,05,052/- |
| 10 | 24-076/077 | युरिया मल -1170 के.जी. | रु. 37,476/- |
| 11 | २५-०७६/०७७ | युरिया मल- १७७५ के.जी. | रु. 26,700/- |
| 12 | २७-०७६/०७७ | ठुलो साईजको अलादिन सुरुवाल-३५८ पिस, मेडियम साईजको अलादिन सुरुवाल-९५ पिस, सानो साईजको अलादिन सुरुवाल-६६ पिस, हाफ साईजको अलादिन सुरुवाल-३५ पिस, ठुलो साईजको प्लाजो सुरुवाल-५२ पिस, सानो साईजको प्लाजो सुरुवाल-११६ पिस, लेडिज टिसर्ट-३० पिस र हाफ कट्टु-३० पिस | रु.1,00,240/- |
| 13 | 35-076/077 | मेघाश्री (गुट्खा) - ८२५ के.जी. | रु. 9,00,627।75 |
| 14 | 36-076/077 | लेडिज सुट - 1920 पिस | रु. 13,63,771/- |
| 15 | 40/076-077 | सुपर पावर सुर्ती -480 प्याकेट, महेश दालमोट- 98 प्याकेट | रु. 66,840।07 |

| | | | |
|---|---|---|---|
| 16 | ४२-०७६/०७७ | उनी स्वीटर- ३१ थान ,कुर्ता सुरुवाल- ५ थान , बच्चाको स्वीटर - २० थान, उनी कुर्ता - १५ थान, उनी अन्डर ट्राउजर - ९ थान | रु.27,538/- |
| 17 | ४५-०७६/०७७ | पाईन्टको काँचो कपडा -८५७ मि. | रु.2,85,150/- |
| 18 | ५४-०७६/०७७ | काचो कुर्ता सुरुवाल कपडा -३१ पीस, जेन्स कोटपाईन्टको कपडा -१४४ मि., जेन्स कोटपाईन्टको कपडा प्लाष्टीक भित्र प्याक भएको -२१६ मि. | रु.1,34,315/- |
| १९ | 138-076/077 | अण्डा-70 क्यारेट, आयो नुन-50 के.जी., मसुरो दाल- 50 के.जी., ढिका नुन- 135 के.जी, ज्वानो 10 के.जी, छुवारा- 5 के.जी, अजिना मोटो- 10 के.जी, बदाम- 1.6 के.जी, किसमिस- 1.6 के.जी, ल्वाङ- 0.5 के.जी, सुकमेल- 350 ग्राम, ज्ञान आटा- 100 के.जी, रजमा दाल- 30 के.जी, चुइगम सेन्टर फ्रुट-5 पेटी, नरिवल- 30 के.जी, प्रिमियम चाउचाउ- 10 पेटी, मिल्क क्रिम विस्कुट-5 पेटी, नेबिको सुगर फ्रि विस्कुट- 1 पेटी, क्याण्डी रसिलो -10 प्याकेट, क्याण्डी योयो-10 प्याकेट, चोकोफन- 6 पेटी, उपहार साबुन- 5 पेटी, बेसार 10 के.जी, ५ लि. सनफ्लावर तेल- 2 पेटी, मोटो सिल्की चामल-15 बोरा, कोकोनट विस्कुट-2 पेटी, बटर कुकिज- 2 पेटी | रु. 98,985।74 |

**सिलबन्दी बोलपत्र फाराम सम्बन्धी शर्तहरु:**

१. बोलपत्रसम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु.३००/- र रु. १ लाख भन्दामाथी १० लाखसम्मको लागि रु.१०००/- फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र खरिद गर्न सकिने छ । सुर्ती गुट्खा खरिद गर्ने फर्म अन्तशुल्कमा समेत दर्ता हुनु पर्नेछ ।

२. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. प्रत्येक सू.द.नं. को छुट्टाछुट्टै बोलपत्र खरिद गरी उक्त बोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सूचना दर्ता नं. र बोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

५. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औ दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा (सो दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेका दिन) मा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउँसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने मु.अ.कर रकम समेत बुझाई उठाइ लैजानु पर्नेछ । साथै सुर्ती तथा गुट्खामा अन्तशुल्क स्टीकर टाँस गरी लैजानु पर्नेछ । बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

७. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालवस्तु उठाइ नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमश: दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र बोलपत्र कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी बढाईनेछ ।

८. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्नेहरुले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको गोदाम शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।